# गरिवसँग विशेश्वर कार्यक्रममा चौदन्डीगढीका १८ कृषकलाई बाख्रा वितरण

**अन्जनी कुमार अधिकारी**
**बेल्टार, १७ चैत्र**

नेपाल सरकारको अनुदानमा संचालित गरिव संग विशेश्वर कार्यक्रम अन्तर्गत विहिबार चौदन्डीगढी नगरपालिका वडा नं. ८ पिडिबासका गुरौंस सामुदायिक संस्थाका १८ घरपरिवारलाई जनहि २/२ वटा बोयर क्रस र खरि जातको बाखा बिहीवार एक कार्यक्रमको आयोजना गरेर बितरण गरिएको छ । नेपाल सरकारको अनुदान सहयोग बाट गरिबी न्यूनीकरनमा टेवा पुग्ने उद्देश्यका साथ बाखा वितरण गरिएको बाखा बितरण कार्यक्रमलाई सम्बोधन गर्दै चौदन्डीगढी नगरपालिकाका नगर प्रमुख खगेन्द्र राईले जानकारी दिए । तत्कालीन शिद्धिपुर गा.बि.स. हुँदा देखी नै संचालन गरिएको यस कार्यक्रमले केहि बर्ष भने निरन्तरता पाएको थिएन । स्थानीय जनप्रतिनिधि आईसकेपछि यो कार्यक्रमले पुनः निरन्तरता पाएको चौदण्डीगढी नगरपालिका वडा नं. ८ का कार्यबाहक अध्यक्ष गड्ड बहादुर बिस्वकर्माले जानकारी दिनु भएको छ ।अहिलेसम्म पटक पटक गरेर यस वडा भित्रका ५ वटा संस्था मार्फत किसानहरू लाई बाखा, २ वटा संस्था लाई खानेपानी र १ जना कृसकलाई बाखा खोर निर्माण तथा मर्मतको लागि रकम उपलब्ध गराएको वडा सचिब राजन प्रसाद अधिकारीले बताउनु भयो । २०७३ साल देखि यो आर्थिक बर्ष सम्म जम्मा १२ लाख ८५ हजार बराबरको सो कार्यक्रम सन्चालन भएको सामाजिक परिचालक शुशिला बिस्वकर्माले जनाउनु भएको छ। आर्थिक बर्ष २०७८/०७९ सालमा गरिव संग विशेश्वर कार्यक्रमको अनुदान सहयोग बाट गरिवि न्युनिकरणका लागि बाखा बितरण गरिएको हो ।




## त्रियुगा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**गाईघाट, उदयपुर**
**प्रदेश नं. १ नेपाल**

☎ ०३५- ४२०१०८
फ्याक्स ४२०१८५
triyuga.mun@gmail.co

मिति :-२०७८/१२/१७

**बिषयः- ठेक्का रद्ध गरिएको सूचना ।**

प्रस्तुत बिषयमा यस त्रियुगा नगरपालिका कार्यालयको लागि आमाको स्वस्थ ठुलो धुवा रहित चुल्हो वितरण कार्यक्रम खरिद कार्यको मिति २०७८।११।२२ गते प्रकाशित सूचना ठेक्का नं TM/SQ/IS-18/2078-79 र होक्सेमा ट्रस पुल निर्माण कार्यको लागि स्टील पार्टस खरिद कार्यको मिति २०७८।११।०३ गते प्रकाशित सूचना ठेक्का नं. TM/SQ/TB-17/2078-79 रितपूर्वक पेश भएको दरभाउपत्रहरुको यस कार्यालयमा गठित मूल्यांकन समितिको निर्णय, यस नगरपालिका कार्यालयको क्रमश : मिति २०७८।१२।१५ र १४ गतेको निर्णय अनुसार सार्वजनिक खरिद नियमाबलीको नियम ८४ (३क) बमोजिम दरभाउपत्र सारभूतरुपमा प्रभावग्राही नभएको हदाँ उक्त ठेक्का रद्ध भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै उल्लेखित ठेक्काहरुको मिति २०७८।१२।१७ गतेको उदयपुर सिम्रिक दैनिक पत्रिकामा पुन : दरभाउपत्र आव्हान गरिएको व्यहोरा समेत जानकारी गराईन्छ ।

प्रमुख प्रशासकयि अधिकृत



## सुचना सच्चाईएको सम्बन्धमा

मिति २०७८।१२।१६ गते उदयपुर सिम्रिक राष्ट्रिय दैनिक पत्रिकामा कटारी नगरपालिकाको औषधि तथा सर्जिकल सामाग्रीहरु खरिद सम्बन्धि सूचना प्रकाशनको मिति २०७८।१२।१६ हुनु पर्नेमा अन्यथा भएको साथै उक्त सुचना प्रकाशन भएको मितिले १६ औ दिन दिनको १२ बजे भित्र खरिद गरेको दरभाउपत्र कार्यालयमा दर्ता गराई सक्नु पर्ने हुनु पर्नेमा अन्यथा भएकोले उक्त सूचना सच्चाइएको व्यहोरा यही सुचनाद्वारा सम्पुर्णमा जानकारीको लागि अनुरोध छ ।



## रौतामाई गाउँपालिका
गाउँकार्यापालिकाको कार्यालय
भुट्टार, उदयपुर

**कृषि शाखा**

**जनहितमा जारी सन्देश !**

- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं,
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं,
- कृषिमा आत्मानिर्भर, पशु पालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं,
- बाँझो जमिन उपभोग गरि खाद्यन्न संकट हटाउनमा जोड दिऔं,
- मानव स्वास्थ्य र वातावरणलाई बचाउन अर्गानिक खेती प्रवर्द्धन गरौं,
- माटोमा जिवित वस्तुहरुको संख्या वृद्धि गरि माटोको उर्वराशक्ति बढाऔं,
- उपयोगी मित्र जिव किराको संरक्षण गरौं,
- रसायनिक विषादीका नकारात्मक असरहरु बारे सचेत रहौं,
- रैथाने बालीवस्तुको संरक्षण गरौं,
- बाली विमा गरौं, भवितव्यबाट हुने क्षतिको न्यूनीकरण गरौं,
- सिमसार तथा सार्वजनिक कुवा, कुलो, पैनीको संरक्षण गरौं ।



## लिम्चुङबुङ गाउँपालिकाको कार्यालयद्वारा

**पालिकाबासी जनसमुदायलाई अनुरोध**

- पालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं।
- इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसहिता पालना गरौं।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं।
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।



न्यू महालक्ष्मी सुनचाँदी पसल
त्रि.न.पा.-११, गाईघाट, उदयपुर
प्रो. ध्रुव एण्ड दिलिप
सम्पर्क :
०३५-४२०८५५
९८४२८५०५३९



ग्राहकहरुले रोजे जस्तै खोजे जस्तै अर्डर बमोजिमका सुनचाँदीका बिना रसाईन र आधुनिक डिजाईनका गरगहना बनाउनुका साथै उचित मुल्यमा खरिद विक्री पनि गरिन्छ ।



प्रो. मनोज पूर्वे
मो. ९८०५९१२७९९
सुरुची फेन्सी स्टोर एण्ड सिटीगोल्ड



यहाँ आकर्षक डिजाईनका सिटीगोल्ड पाईनुका साथै गिफट आईटमहरु सुपथ मुल्यमा पाईन्छ ।


Scanned with CamScanner